फोन नं. ०११-४९९३८८

"कृषि सहर पाँचखाल नगर"

# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नम्बर प्रदेश, नेपाल

प.सं.: ०७४/७५

मिति: २०७४/११/६

च.नं.

विषयः जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी सूचना ।

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, विकेन्द्रीकरण शाखाको च. नं. ४४ मिति २०७४/०७/२२ को पत्रानुसार नेपालको संबिधानको धारा ४१ मा उल्लेखित जेस्ठ नागरिकको हक, जेष्ठ नागरिक ऐन २०६३ तथा नियमावली २०६२ समेतमा भएको व्यस्था वमोजिम जेष्ठ नागरिक परिचय पत्र वितरणको जिम्मेवारी स्थानीय तहबाटै हुने व्यवस्था भए बमोजिम पाँचखाल नगरपालिकाले ६० वर्ष उमेर पुगेका नेपाली नागरिकहरुलाई येही २०७४/११/१३ गते देखि तपोसिल बमोजिम जेष्ठ नागरिक परिचय पत्र वितरण गर्ने व्यवस्था गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सुचित गरिन्छ ।

तपशिलः

१) जेष्ठ नागरिक परिचय पत्र प्राप्त गर्नका लागि ६० वर्ष उमेर पुगेका जेष्ठ नागरिक वा निजको संरक्षकले आफ्नो वडा समक्ष निवेदन दिनु पर्नेछ ।

२) प्राप्त निवेदन बमोजिम सम्बन्धित वडा अध्यक्षले जेष्ठ नागरिक परिचय पत्र प्रदान गर्न पाँचखल नगरपालिकामा सिफारिस गरी पठाउनु पर्ने छ ।

३) सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम पाँचखाल नगरपालिकाले जेष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने छ ।

४) जेष्ठ नागरिक परिचय पत्र प्रदान गर्नका लागि नेपाली नागरिकताको प्रमाण पत्रमा उल्लेख भएको जन्म मितिलाई आधार दिईने छ ।

५) जेष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि एक थान र २ ओटा अटो साईजको फोटो पेश गर्नुपर्ने छ ।

६) जेष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न नेपाली नागरिकताको प्रमाण पत्रको सक्कलै प्रति साथमा लिई आउनु पर्ने छ ।

भोला प्रसाद चापागाईं
(प्रमुख प्रशासकीय अधिकृत)